# कोभिड प्रयोजनमा चिकित्सक तथा स्वास्थ्य कर्मी करारमा नियुक्ति गर्ने कार्यविधि, २०७८

प्रस्तावनाः नेपालको संविधानमा आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा व्यवस्था गरिएको हुँदा आधारभूत स्वास्थ्य सेवाको वितरण समान र समातामूलक ढंगबाट गर्न, हाल विश्वभर तिव्रतर रुपमा फैलिरहेको कोभिड १९ को दोस्रो लहरबाट फैलिएको महामारीको विशेष अवस्था रहेकोले यस प्रदेशका आम नागरिकलाई जोगाउन तथा संक्रमित विरामीको तत्काल उपचार र व्यवस्थापनका लागि प्रदेशभित्रका सरकारी तथा साममुदायिक अस्पताल, प्रयोगशाला तथा स्वास्थ्यसंस्थाहरुमा आवश्यक पर्ने नपुग जनशक्ति (दक्षा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीहरु समेतको) करारमा नियुक्त गर्नका लागि प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "कोभिड प्रयोजनमा चिकित्सक तथा स्वास्थ्य कर्मी करारमा नियुक्ति गर्ने कार्यविधि, २०७८ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "चिकित्सक" भन्नाले नेपाल मेडिकल काउन्सिलमा दर्ता भई अनुमति प्राप्त स्वास्थ्यकर्मी सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय, प्रदेश नंबर २ सम्झनु पर्छ।

(ग) "स्थानीय तह" भन्नाले प्रदेश भित्रको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाँउपालिका सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले प्रदेश नंवर २ सम्झनु पर्छ।

(ङ) "स्वास्थ्यकर्मी भन्नाले" नेपालको सम्वन्धित काउनिसलमा दर्ता भई अनुमति प्राप्त स्वास्थ्यकर्मी सम्झनु पर्छ ।

३. स्वास्थ्य संस्थाको छनौटः (१) प्रदेश सरकारले कोभिड उपचारको सन्दर्भमा दक्ष जनशक्ति उपलब्ध गराउने निर्णय गरी स्वास्थ्य संस्था छनौट गर्नेछ ।

४. दरबन्दी स्वीकृतः (१) कोभिड उपचारको प्रयोजनको लागि विरामीको चापको आधारमा स्वास्थ्य प्राविधिकरु संलग्न रहेको प्राविधिक समितिको सिफारिसको आधारमा स्वास्थ्य संस्थालाई आवश्यक पर्ने थप जनशक्तिको अस्थायी दरबन्दी प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रविधिक समितिमा देहायबमोजिमको सदस्यहरु रहनेछनः-

(क) निर्देशक, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र - संयोजक

(ख) निर्देशक, स्वास्थ्य निर्देशनालय - सदस्य

(ग) निर्देशक, प्रदेश जनश्वास्थ्य प्रयोगशाला – सदस्य

(घ) मे.सु., प्रादेशिक अस्पताल जनकपुरधाम – सदस्य

(ङ) स्वास्थ्य महाशाखा प्रमुख, मन्त्रालय- सदस्य सचिव

(३) उपदफा २ बमोजिमको प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेशभित्रका अस्पताल प्रयोगशाला तथा स्वास्थ्य संस्थाहरुको जनशक्तिको अवस्था विश्लेषण गर्ने ।

(ख) प्रदेशभित्रका अस्पताल प्रयोगशाला तथा स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहको अवस्था विश्लेषण गर्ने ।

(ग) प्रदेशभित्रका अस्पताल प्रयोगशाला तथा स्वास्थ्य संस्थाहरुमा विरामीको चापको अवस्था विश्लेषण गर्ने ।

(घ) प्रदेशभित्रका अस्पताल प्रयोगशाला तथा स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने थप जनशक्तिको आँकलन गरी अस्थायी दरवन्दी स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गर्ने ।

(ङ) विरामीको चापको आधारमा प्रदेशभित्रका अस्पताल प्रयोगशाला तथा स्वास्थ्य संस्थाहरुको जनशक्तिको अस्थायी दरवन्दी पुनरावलोकन गर्ने ।

(४) प्राविधिक समितिले आवश्यकता अनुसार विज्ञलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ

(५) प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम समिति तथा आमन्त्रित विज्ञले वैठक भत्ता पाउनेछन् ।

(६) वैठक सम्वन्धी कार्यविधि समितिले आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

५. सेवा उपलब्ध गराउनेः (१) मन्त्रालयले चिकित्सक तथा स्वास्थ्यकर्मीलाई तोकिएको स्वास्थ्य संस्थामा देहाय बमोजिमको सेवा प्रदान गर्ने गरी कार्यविधि बमोजिम अवधि तोकी करारमा नियुक्त गर्न सक्नेछः-

(क) बहिरंग सेवामा बिरामीको परीक्षण, उपचार र परामर्श,

(ख) अन्तरंग सेवामा बिरामीको परीक्षण, उपचार र परामर्श,

(ग) आकस्मिक कक्षमा बिरामीको परीक्षण, उपचार र परामर्श,

(घ) सम्वन्धित संस्थामा उपचार सम्भव नभएमा प्रेषण र परामर्श,

(ङ) कानून र सम्वन्धित परिषद्ले अनुमति प्रदान गरेका सम्पूर्ण कार्य,

(च) यस कार्यविधिमा तोकिएका अन्य कार्य।

(२) चिकित्सक तथा स्वास्थ्य कर्मीले सम्बन्धित अस्पताल, प्रयोगशाला वा स्वास्थ्य संस्थाको प्रमुखले तोकेबमोजिम सेवा उपलब्ध गराउनु पर्नेछ ।

६. <u>छनौट सम्वन्धी व्यवस्था</u>: (१) मन्त्रालयले वा दफा ७ बमोजिमको छनौट समितिले चिकित्सक स्वास्थ्यकर्मी तथा जनशक्तिको नियुक्तिका लागि निजको योग्यता, पारिश्रमिक, सेवाका शर्त समेत तोकी मन्त्रालयको सूचनापाटी, अस्पतालको सूचनापाटी, वेवसाईट तथा अन्य कुनै कम्तिमा एक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्तिका लागि उम्मेदवार हुन देहाय बमोजिमको योग्यता हुनुपर्नेछः-

(क) नेपाली नागरिक,

(ख) न्यूनतम योग्यताः नेपाल सरकारको मान्यता प्राप्त संस्थावाट संवन्धित पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता उत्तीर्ण,

(ग) १८ वर्ष उमेर पूरा भएको

(घ) नेपाल स्थित सम्वन्धित काउन्शिलमा दर्ता भएको

(ङ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको।

(३) उपदफा (२) बमोजिम योग्यता पुगेका निवेदकले अनुसूची-१ बमोजिमको निवेदन फारम भरी सूचनामा तोकिएको स्थानमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पर्न आएका निवेदनमा दफा ७ को छनोट समितिले देहायको आधारमा छनोट गर्नेछः-

| | |
|---|---|
| (क) उम्मेदवारको न्युनतम शैक्षिक योग्यता वापत | २० अङक |
| (ख) माथिल्लो शैक्षिक योग्यता वापत | ५ अङक |
| (ग) यस अघि कोभिड उपचारमा खटिएको भए | १० अङ्क |
| (घ) पूर्व स्वास्थ्यकर्मी | १० अङ्क |
| (ङ) स्थानीय | ५ अङक |
| जम्मा | ५० अङ्क |

(५) उपदफा (४) (ग) (घ) र (ङ) बमोजिमको अङ्क प्राप्त गर्न आवश्यक प्रमाण पेस गर्नुपर्ने छ । यस प्रयोजनको लागि स्थानीय भन्नाले सम्वन्धि जिल्ला वासीलाइ जनाउनेछ ।

<u>७ छनौट समितिः</u> दफा ६ को उपदफा (४) बमोजिमका उम्मेदवारलाई योग्यताक्रम समेतको आधारमा छनौट गरी सिफारिस गर्न देहायको छनौट समिति रहनेछ ।

(अ) प्रादेशिक अस्पतालको हकमा

(क) मे.सु., प्रादेशिक अस्पताल जनकपुर - संयोजक

(ख) प्रतिनिधि अधिकृत स्तर, मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय - सदस्य

(ग) प्रतिनिधि अधिकृत स्तर, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि अधिकृत स्तर,मन्त्रालय - सदस्य

(ङ) अधिकृत, प्रादेशिक अस्पताल जनकपुर - सदस्य सचिव

(आ) प्रदेश अन्तरगतका अस्पताल र स्थानीय तह अन्तरगतका अस्पतालको हकमा

(क) मे सु, सम्बन्धित अस्पताल - संयोजक

(ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(ग) प्रशासन शाखा प्रमुख,सम्वन्धित अस्पताल -सदस्य सचिव

(इ) संघीय अस्पतालको हकमा

(क) जनस्वास्थ्य कार्यालयका प्रमुख - संयोजक

(ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(ग) सम्बन्धि अस्पतालको चिकित्सक एक जना - सदस्य

(ग) प्रशासन शाखा प्रमुख,सम्बन्धित जनस्वास्थ्य कार्यालय -सदस्य सचिव

८. नतिजा प्रकाशन गर्ने: (१) दफा ६ को उपदफा (४) बमोजिम सवैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु दफा ७ बमोजिमको समितिले सिफारिस गर्नेछ र उक्त समितिले सिफारिस गर्दा उम्मेदवारको रोल नम्बर, नाम थर, ठेगाना, काम गर्न तोकिएको अस्पताल वा प्रयोगशाला वा स्वास्थ्य संस्था आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार नतिजा प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा तोकिएको पद संख्या भन्दा बढीका उम्मेदवारहरुलाई बैकल्पिक उम्मेदवारको सूचीमा राखी सूचना प्रकाशन गर्नु पर्नेछ । सिफारिस भएका उम्मेदवारको सूची सूचना पाटीमा समेत टाँस गर्नु पर्नेछ ।

तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार सूचिकरण गर्न बाधा पर्नेछैन ।

(३) उपदफा (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राखु पर्नेछ ।

९. करार सम्झौताः (१) दफा ८ बमोजिम छनौट भएका उम्मेदवारलाई नतिजा प्रकाशन भएको सात दिनभित्र करार सम्झौता गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग सम्बन्धित अस्पताल/ प्रयोगशालाले अनुसूची -२ बमोजिमको कार्य-विवरण सहितको ढाँचामा करार गरी

काममा खटाउनु पर्नेछ । उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा योग्यताक्रमका आधारमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम करार गर्दा आर्थिक वर्षको अन्तिम मसान्तसम्मका लागि मात्र करार गर्नु पर्नेछ ।

(४) उपदफा (४) बमोजिम एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको व्यक्तिलाई कोभिड संक्रमित विरामीको चाप, अस्पताल, प्रयोगशाला तथा स्वास्थ्य संस्थाहरुमा सेवा प्रवाहमा जनशक्तिको आवश्यकता जस्ता विषयमा विश्लेषण गरी थप छ महिनाको लागि सेवा करार सम्झौता नविकरण गर्न सक्नेछ । सो पश्चात समेत कोभिड संक्रमणको दरलाई विश्लेण गरी प्रदेश सरकारको निर्णय बमोजिम थप करार सम्झौता गर्न सक्नेछ ।

(५) चिकित्सक, स्वास्थ्यकर्मीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अघि कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिईने छैन।

(६) यस दफा विपरितको अवधि उल्लेख गरी वा करारमा उल्लेख भए भन्दा बढी रकम भुक्तानी दिएमा त्यसरी अवधि उल्लेख गर्ने वा रकम भुक्तानी गर्ने कर्मचारीको तलव भत्तावाट कट्टा गरी असूल उपर गरिनेछ र विभागीय कारवाही समेत गरिनेछ ।

(७) करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य हुने मिति समेत उल्लेख गर्नुपर्नेछ।

१०. कार्य शर्त, पारिश्रमिक, सेवा-सुबिधा र अवधि : (१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका चिकित्सक स्वास्थ्यकर्मी तथा जनशक्तिको मासिक पारिश्रमिक सम्बन्धित पद र तहको सुरु स्केल बमोजिम हुनेछ ।

(२) यस कार्यविधि बमोजिम नियुक्त भएका ( करार सम्झौता भएका) चिकित्सक स्वास्थ्यकर्मी तथा अन्य जनशक्तिले नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको जोखिम भत्ता एवं अन्य सुविधा प्राप्त गर्न सक्नेछन ।

तर नेपाल सरकारले उपदफा (२) बमोजिमको सुविधा प्रदान नगरेमा प्रदेश सरकारले त्यस्तो सुविधा प्रदान गर्न बाध्य हुने छैन ।

(३) यस कार्यविधि बमोजिम चिकित्सक, स्वास्थ्यकर्मीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनका लागि कुनै पनि दाबी गर्न पाउने छैन ।

११. करार समाप्ति (१) करार सम्झौता गरिएको चिकित्सक स्वास्थ्यकर्मी तथा अन्य जनशक्तिको कार्य सन्तोपजनक नभएको भनी सम्बन्धित स्वास्थ्य संस्था प्रमुखले सिफारिश गरेमा मन्त्रालयले आवश्यक छानविन गर्न लगाई सफाइको मौका दिनेछ।

(२) उपदफा (१) बमोजिमको सफाई मनासिब नठहरिए जुनसुकै अवधिमा करार भङ्गगर्न सकिनेछ ।

१२. <u>कार्यविधिको कार्यक्षेत्र:</u> (१) यो कार्यविधि प्रदेशको प्रादेशिक अस्पताल तथा प्रदेश भित्रका प्रदेश सरकारले तोकेका संघीय सरकार अन्तरगतका अस्पताल स्वास्थ्य संस्था स्थानीय तह अन्तरगतका अस्पताल प्रयोगशाला तथा स्वास्थ्य संस्थामा लागू हुनेछ ।

१३. <u>खारेजी र बचाउ:</u> यो कार्यविधि कोभिड १९ रोगको उपचारको सन्दर्भमा जनशक्तिको आपूर्तिको लागि मात्र उपयोग गर्नु पर्नेछ । यस कार्यविधि बमोजिम सिर्जना भएको अस्थायी दरबन्दी जुनसुकै बखत प्रदेश सरकारले खारेज गर्न सक्नेछ ।

१३. <u>विविध:</u> (१) यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा आइपरे यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ।

अनुसूची -१

( दफा ६ को उपदफा (३) सँग सम्बन्धित )

दरखास्त फारामको ढाँचा

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

……………अस्पताल

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले

## करारको लागि दरखास्त फाराम

दरखास्त पेस गरेको पदको नामः तह / श्रेणीः

दरखास्त पेस गरेको निकायः जिल्लाः

(क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्गः |
| | नागरिकता नंः | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./गा.वि.स. | ग) वडा नं | |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | च) फो नं. | |
| पत्राचार गर्ने ठेगाना : | | | ईमेल | |
| बाबुको नाम, थर : | | जन्म मिति : (वि.सं.मा) (ईस्वि संवतमा) | | |
| बाजेको नाम, थर : | | हालको उमेर : वर्ष महिना | | |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(ग) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |



मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा एक महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

<table>
<tr><td colspan="2">उम्मेदवारको ल्याप्चे सहीछाप</td><td colspan="2">उम्मेदवारको दस्तखत</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td><td colspan="2"></td></tr>
<tr><td></td><td></td><td colspan="2">मितिः</td></tr>
<tr><td colspan="4">कार्यालयले भर्नेः</td></tr>
<tr><td colspan="2">रसिद/भौचर नं. :</td><td colspan="2">रोल नं. :</td></tr>
<tr><td colspan="4">दरखास्त अस्वीकृत भए सो को कारण :</td></tr>
<tr><td colspan="2">दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br>मिति :</td><td>दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति :</td><td></td></tr>
</table>

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि, (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलको प्रमाणपत्र (लाईसेन्स)को प्रतिलिपि, अनुभव प्रमाणपत्र, सम्बन्धित स्थानीय तहमा बसोबास गरेको प्रमाण देखिने कागजातहरु (जस्तै बसाईसराई आदी)

अनुसूची-२

( दफा ८ को उपदफा (२) सँग सम्बन्धित )

<u>करार सम्झौताको ढाँचा</u>

करार सम्झौता

प्रदेश नं. २ ..............अस्पताल............ (यसपछि पहिलो पक्ष भनिएको) र ...................जिल्ला, ..................नगरपालिका/गाउँपालिका, वडा नं. ..... बस्ने श्री ............................................................ (यसपछि दोश्रो पक्ष भनिएको) का बीच " ............................................................" **कोभिड १९ रोग उपचार रोकथाम तथा नियन्त्रणका लागि ............................ पदमा कामकाज गर्न गराउन मिति मिति २०७ /......./...... को निर्णय अनुसार** देहायका कार्य/शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा वुझि लियौं दियौं :

१. **कामकाज सम्बन्धमा :** दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य विवरण तकेको स्वास्थ्य संस्थामा पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई कार्य गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. **काम गर्नु पर्ने स्थान :**..................................................................................।

३. **करारमा काम गरे बापत पाँउने पारिश्रमिक :** प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा............... पदको/तहको सुरु स्केल बमोजिमको पारिश्रमिक उपलब्ध गराउनेछ । साथै सो काममा खटीए बापत नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको जोखिम भत्ता लगायतका सुविधा पाउने भए सो समेत पाउनेछ ।

४. **आचरणको पालनाः** दोश्रो पक्षले प्रचलित कानूनमा ब्यवस्था भएका आचरण तथा अनुशासन सम्वन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. **विदाः** दोस्रो पक्षलाई सार्वजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन ।तर विदा सहुलियत मात्रै हो अधिकार भने हुने छैन ।

६. **कार्यालय सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. **गोप्यताः** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. **करार अवधिः** यो करार २०७... ।........।..........देखि लागु भई २०७.....असार मसान्त सम्मको लागि हुनेछ ।

९. **कार्यसम्पादन मूल्यांकनः** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्नेछ र सो मूल्यांकनको आधार तथा प्रदेशमा कोभिड १९ को अवस्था समेतको आधारमा कारारलाई निरन्तरता दिन पर्ने

देखिएमा गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा १० बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः** दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी सेवा उपलब्ध नगराएमा वा सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गर्न सक्नेछ। दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले १५ ( पन्ध्र ) दिन भन्दा बढी सेवा दिन असमर्थ भएमा वा सेवा सन्तोषजनक नभएमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा वैकल्पिक उम्मेदवारलाई करारमा राखी काम लगाउन वाधा पर्ने छैन ।

११. **दावी नपुग्नेः** दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दावी गर्न पाँउने छैन/गर्ने छैन ।

१२. **प्रचलित कानून लागू हुनेः** यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित कानून बमोजिम हुनेछ।

<u>अस्पतालको तर्फबाट :</u>

हस्ताक्षर :

नाम :

पद :

कार्यालयको छापः

<u>दोस्रो पक्ष (करार गर्ने व्यक्ति):</u>

हस्ताक्षर :

नाम :

ठेगाना :

रोहवर